राष्ट्रको नाममा शाही संदेश

श्री ५ को सरकार, प्रचार तथा प्रसार विभाग,
सिंहदरबार सचिवालय, नेपाल ।

भूमिका

जनताले छानेको, राजाले पत्याइबक्सेको, देशको ऐन कानून मुताबिक संविधानको आधारमा खडा भएको सरकार साह्रै आदर्श मानिन्छ । तर, त्यस्तो सरकार जनताको भलो गर्ने बाटोमा हिंडुञ्जेल मात्र जन–प्रिय, लोक–प्रिय अथवा प्रजातान्त्रिक हुन्छ । त्यस पवित्र बाटोबाट अलिकति पनि अलमलिने बित्तिकै त्यो अधिनायकवाद र निरंकुशताको प्रतीक हुन्छ । जनताको, जनताका निम्ति र जनताद्वारा चलाइने शासनलाई नै प्रजातान्त्रिक सरकार भन्दछन् । नामले चाहिं जनताद्वारा छानिएकाहरूद्वारा चलाइएको तर जनताका हितका निम्ति नचलाइएको राजकाज चाहिं जनताद्वारा चलाइएको नभई, आफ्नो दूनो सोझ्याउने एउटा वर्ग विशेषद्वारा चलाइएको हुन्छ । त्यस्ताले प्रजातन्त्रको पवित्र नामलाई कलंकित पार्दछन् । मुलुकलाई खाल्डामा हाल्दछन् । त्यो प्रजातन्त्र होइन, मनपरीतन्त्र हो, जहां भाइ, भतिजा र भाञ्जाहरूको रजाइं हुन्छ, जहां गरीव रैतीको आर्जनलाई रण्डी, रेशम र

रक्सीको चरणमा ओइराइन्छ, त्यहां प्रजातन्त्र होइन स्वांठतन्त्र हुन्छ । शहीदहरूको लाशमा कुल्चेर स्वाफको टाकुरोमा उक्लनेहरूले प्रजातन्त्रको ठाउंमा मनपरी-तन्त्र सृजन गर्दछन् । आफन्तमा मात्र पर्ने कोटा, जागीर र ठेक्काले प्रजातन्त्र ल्याउंदैन । प्रजातन्त्रको मुकुण्डो भिर्दैमा प्रजातन्त्रवादी होइन्न । प्रजातन्त्रको संरक्षण गर्नु राजा प्रजा सबैको कर्तव्य हो । प्रजातन्त्रको पवित्र मन्दिर भत्किन थाल्यो भने राजा प्रजा सबैले मिलेर त्यसलाई बनाउनु पर्छ । सबैको साझा त्यो पवित्र संस्था कसैको व्यक्तिगत सम्पत्ति होइन, जथाभावी भांडभैलो गर्ने साधन पनि होइन ।

संविधान अनुसार जनताले छानेर प्रजाले पत्या-एर खडा भएको भए तापनि हालै विघटित सरकार नाउं मात्रको प्रजातान्त्रिक थियो । वास्तवमा प्रजातन्त्रको पर्दाभित्र बसेर मनपरी गर्न पाएकोले झन् घातक थियो । प्रजातन्त्रको नाउंमा नातावाद, कृपावाद र व्यक्तिगत स्वार्थको पोषक थियो । दुर्भाग्यवश, यसको असर मुट्ठीभर जनतामा मात्र नपरी समस्त राष्ट्रमा परिसकेको थियो । अराष्ट्रिय तत्वहरूले प्रश्रय पाई देशको सार्वभौमिकसत्तामा नै आघात पर्ने लक्षणहरू देखा परिसकेका थिए । खर्चिलो प्रशासकीय व्यवस्थाले

तिरो तिर्ने गरीव रैतीहरूको हाड नै भांचिने दुरावस्था झल्किसकेको थियो । बेलैमा त्यस्तो मन्त्रिमण्डलको विघटन गरिबक्सेर श्री ५ महाराजाधिराजबाट प्रजातन्त्रको भर्खरै हुर्कन थालेको विरुवालाई घातक कीराहरूबाट जोगाइबक्सेको छ । भयंकर आंधिब्यारीबाट प्रजातन्त्रको दियोलाई जोगाउने उद्देश्यले उठाइबक्सेको यस कदमको नेपालीहरूद्वारा महाकालीदेखि मेचीसम्म हार्दिक स्वागत हुनु नै प्रजातन्त्रलाई दिगो राख्ने आदर्श शाही मुरादको प्रत्यक्ष प्रमाण हो ।

यसरी राष्ट्रनायकबाट त्यस भ्रष्ट सरकारलाई विघटन गरिबक्सी मौसूफकै नेतृत्वमा गठित मन्त्रि–परिषद्को, देशमा नयां चेतना, नयां जागृति र नयां लहर ल्याई उन्नति गर्ने कार्य नीति उल्लेख गरिबक्सेंदै बक्सेको शाही घोषणा र शाही सन्देश दुबैले मौसूफको प्रजातन्त्रप्रतिको प्रेमलाई स्पष्ट गर्दछन् ।

सरकारको प्रमुखको हैसियतले मात्र नभई राष्ट्रनायककै यी सन्देशहरूले नेपालीहरूमा एउटा नयां आशा सञ्चार हुनु स्वाभाविकै हो ।

निरोगी नेपाली अरू सभ्य मुलुकका नागरिकहरू सरह आमा नेपालको सेवा गर्न सकून् भन्ने उद्देश्यले स्वास्थ्योपचारपट्टि विशेष ध्यान दिइने भयो । साथै

शरीरको नसा झैं यातायात नै एउटा मुलुकको नसा हुने हुनाले सो नसप्रुञ्जेल मुलुक बन्न नसक्ने भएकोले नयां सरकारद्वारा यसतर्फ विशेष प्रयास गरिने भएको छ ।

कारिन्दाहरूको बगाल बनाउने शैक्षिक पद्धति भन्दा आफ्नै खुट्टामा उभिन सक्ने खालका स्वावलम्बी तथा देश–भक्त नागरिकहरूको निर्माणका निम्ति शैक्षिक पद्धतिपट्टि विशेष ध्यान दिइने भयो ।

अन्तिम लक्ष बिर्ता उन्मूलन गरेर सामन्ती शोषणको अन्त गर्ने नै भए तापनि पहिले जनतालाई त्यो कुरो राम्रोसंग बुझाएर मात्र किसानहरूको भलो हुने छांटले व्यवहारिक रूपमा क्रमशः हुने भयो ।

मुद्दा मामिलाले गर्दा पर्वत, तराईका सोझा जनतालाई ज्यादै नै मर्का परेको थियो । सस्तो, सुलभ र छिटो न्यायको हुने व्यवस्थाले अब अवश्य पनि लाखौं नेपालीहरूको भलो गर्नेछ ।

हाम्रो देश कृषि प्रधान हुनाले किसानहरूको कल्याण नै वर्तमान मन्त्रि–परिषद्को मुख्य लक्ष मानिएको छ । तर, त्यसको साथै युगानुसार औद्योगीकरण गरी मुलुकमा कल–कारखानाहरू बढाउंदै लाने कुरो पनि शाही सन्देशमा जनाइएको छ ।

देशमा शिक्षितहरू थोरै छन् । अझै फेरि हाम्रो रीति–रिवाज, धर्म–संस्कृति र राजनीतिक, सामाजिक व्यवस्थाको जग पनि यसै देशको माटोमा गाडिएको छ । अतः शाही सन्देशमा संकेत गरिएअनुसार 'माथि-बाट लादिएको प्रजातन्त्र देशको अनुभवबाट अफाप सिद्ध भएकोले' निश्चय नै आज प्रजातन्त्रको जग तल-बाटै बलियो पार्दै लैजानु परेको छ । यसै हेतुले जनता-लाई प्रशासनमा सरीक तुल्याउन स्थानीय स्वायत्त शासनका संस्थाहरूको विकासमा बढी जोड दिइएको छ । यो वास्तवमा व्यवहारिक तथा आवश्यक हो । रामराज्यको पवित्र परिकल्पनाको प्रारम्भ पनि यही हो ।

जहांसम्म वैदेशिक सम्बन्धको प्रश्न छ, संयुक्त राष्ट्र संघको घोषणा–पत्रमा आस्था राखी सबै राष्ट्रहरूसंग मैत्रीपूर्ण सम्बन्ध राख्दै विश्व–शान्ति र अन्तर्राष्ट्रिय–सहयोगको निम्ति प्रयास गरिने कुरो पनि उल्लेख गरिएको छ ।

तर, कुनै कुरो एकजनाले अथवा सरकारले मात्र गरेर हुंदैन । खासगरेर आजको यस जन-युगमा हुने प्रत्येक कुरोमा समस्त जनताको सहयोग चाहिन्छ । आफ्ना प्यारा राष्ट्रनायकको पवित्र सदिच्छालाई पूरा गरेर

आमा नेपालको सेवा गर्ने वास्तविक अभिभारा अब हामी सबैमाथि आइपरेको छ । यसका निम्ति हामी सबै कर्तव्यनिष्ठ बनौं, ईश्वरसंग हाम्रो यही प्रार्थना छ ।

प्रजातन्त्र नै जोगाउन श्री ५ महाराजाधिराजबाट भएका शाही घोषणाहरूयुक्त यस पुस्तिकाले कसैको अलिकति पनि सेवा गर्न सके हाम्रो प्रयास सफल हुनेछ ।

—श्री ५ को सरकार,
प्रचार तथा प्रसार विभाग ।

शाही घोषणा

आगे प्यारा प्रजा गैह्र के यथोचित,

हालै हाम्रो २०१७ साल पौष १ गतेको घोषणा-पछि सबै देशवासीहरूले धैर्यपूर्वक हामीले सबैको हित सम्झी उठाइएको कदममा एक भई राष्ट्रिय हितलाई ध्यानमा राखर मुलुकमा सर्वत्र शान्ति सुव्यवस्था कायम राखी प्रत्येक नेपालीले हामी उपर देखाएको विश्वासको निमित्त सबैलाई हाम्रो हार्दिक धन्यवाद व्यक्त गर्दछौं । यसै मौकामा खासगरी हाम्रा इमान्दार तथा बहादुर शाही सेनाका सबै अफिसर तथा जवानहरू र पुलिसका अफिसर तथा जवानहरूको वफादारी र कर्तव्यपरायणता पनि सधन्यवाद उल्लेख नगरी रहन सक्तैनौं र हर क्षेत्रका अन्य इमान्दार सरकारी कर्मचारीहरू पनि हाम्रा धन्यवादका पात्र छन् ।

अघिदेखि चलिआएको पुरानो पद्धतिलाई अन्त गरी त्यसको ठाउंमा नेपाली मात्रको सहयोग र सदिच्छाले श्री ५ बुबाज्यूको नेतृत्वमा हाम्रो देशमा आएको प्रजातन्त्र र त्यसपछि हामीले पनि यथाशक्य प्रजातान्त्रिक व्यवस्था र परिपाटीद्वारा देशोन्नतिको काम अघि बढोस् भन्ने अभिप्रायले पटक पटक हर प्रकारको कोशिश भएको पनि सबैको सामु छंदैछ ।

तर, प्रजातन्त्रको नाममा गैर–जिम्मेदारी र अधिकारको दुरुपयोगद्वारा देशमा अशान्ति, राष्ट्रिय एकतामा बाधा र दुर्व्यवस्था इत्यादिलाई कदापि बढावा दिनु पनि कुनै नेपालीको कर्तव्य होइन र दुर्भाग्यवश यस किसिमको प्रत्यक्ष अनुभव पनि सबैले गर्नु परयो,

तापनि जुनसुकै व्यवस्था गरी भए पनि देश बनाउने र प्रजातन्त्रको जगलाई मजबूत पार्ने हामी सबैको अन्तिम लक्ष हुनुपर्छ । तसर्थ आज हाम्रो अगाडि यस्तो परिस्थिति आइपरेको छ कि अब हामीले प्रजातन्त्रको नामले देश डुबाउनु भन्दा प्रजातन्त्रको जग मजबूत पार्न जेसुकै व्यवस्था अपनाएर पनि प्रजातन्त्रकै निमित्त सदैव अन्तिम लक्ष राखेर काम गर्नु नितान्त आवश्यक भएकोले र यस्तो व्यवस्था गर्नको निमित्त इमान्दार,

राष्ट्रिय दृष्टिकोण र प्रगतिशील मनोभावना भएका नव–युवकहरूको नितान्त आवश्यक परेकोले,

आज देशलाई देशमा भएका धांधलीहरूबाट बचाई, भोलि प्रजातन्त्र व्यवस्था कायम पनि गर्नु पर्ने, त्यस्तो व्यवस्था कायम गर्नुपर्दा हाललाई हाम्रै अध्यक्षतामा निम्नलिखित व्यक्तिहरूको, व्यक्तिगत आधारमा,मन्त्रि-परिषद् गठन गरिबक्सेकाछौं। देशहित तथा जनकल्याणको लागि हामीले उठाएका हर कदममा प्रत्येक देशवासी-बाट संधैको झैं हार्दिक सहयोग प्राप्त हुनेछ भन्ने हामीलाई पूर्ण विश्वास पनि छ ।

देश सबैको साझा हो । देश बेगर हामी कसैले हामी भन्न पाउने छैनौं । त्यसैले अझै धैर्यपूर्वक कत्ति भ्रममा नपरी, इमान्दारी र राष्ट्रियतालाई अंगालेर हामी सबैले मिलीजुली देशमा धेरै काम गर्नुछ र संसारमा नेपाल र नेपालीको गौरवको परिचय अझै दिनुछ– त्यसैले एक पटक फेरि दोहरचाउन चाहन्छौं कि नेपाली मात्रको सहयोग र सदिच्छाले हामी सबै सच्चा नेपाली भै संसारमा उभिनेछौं, यो हाम्रो दृढ विश्वास र इरादा छ ।

हाललाई हाम्रै अध्यक्षतामा निम्नप्रकार मन्त्रि-परिषद् गठन गरिबक्सेका छौं:-

१. श्री तुलसी गिरी मन्त्री ।
२. श्री विश्वबन्धु थापा मन्त्री ।
३. श्री ऋषिकेश शाह मन्त्री ।
४. श्री सूर्यबहादुर थापा मन्त्री ।
५. श्री अनिरुद्धप्रसाद सिंह मन्त्री ।
६. श्री नागेश्वरप्रसाद सिंह सहायक मन्त्री ।
७. श्री खगेन्द्रजंग गुरुङ्ग सहायक मन्त्री ।
८. श्री काजीमान लिम्बू सहायक मन्त्री ।
९. श्री भुवनलाल प्रधान सहायक मन्त्री ।

श्री पशुपतिनाथले देश र हामी सबैको रक्षा गरून् !

जय नेपाल ।

राजदरबार ।

मिति २०१७ साल पौष १२ गते रोज २.

शाही सन्देश

आगे प्यारा प्रजा गैह्र के यथोचित,

२००७ सालको क्रान्तिपछि प्रजातान्त्रिक व्यवस्था सफल तुल्याउन राष्ट्रले भगीरथ प्रयत्न गर्नु परेको छ । अन्तरीम कालमा हामीबाट नै शासन भार ग्रहण गरिबक्सेको भए हुने थियो तापनि त्यस बेलाका मन्त्रि–मण्डलहरूको यथासम्भव जन–प्रतिनिधित्वात्मक रूप रहोस् भन्नाको लागि देशका सबैजसो कहलिएका पार्टीहरू र ती पार्टीहरूका प्रमुख व्यक्तिहरूलाई प्रजातान्त्रिक तरीकाले प्रशासन चलाउने मौका बक्सेका हौं । करीव आठ वर्षको यो अवधिमा न त कुनै ठोस् प्रगति भयो न त प्रजातन्त्र सुहाउंदो वातावरण नै बन्न सक्यो ।

यो पृष्ठभूमिमा देशमा प्रजातन्त्रको स्थिति बसाल्न आम–चुनाव गराउनु सिवाय हामीहरूलाई अरू कुनै उपाय जंचेन । चुनाव हुनु भन्दा अघि पार्टीका प्रतिनिधिहरू समेत रहेको विधान समितिले देशको लागि संविधानको तर्जुमा गरयो । यही संविधान अनुसार सम्पन्न भएको आम–चुनावमा नेपाली कांग्रेसका प्रतिनिधिहरू बहु संख्यामा निर्वाचित भए । जनताले चुनावमा शान्तिपूर्ण ढङ्गबाट आफ्नो जिम्मेवारी पालन गरी उक्त पार्टीलाई बहुमत प्रदान गरेर त्यस बेलाको परिस्थितिमा आफ्नो कर्तव्य पूरा गरे । नेपाली कांग्रेसको सरकार पनि गठन भयो ।

विगत सरकारहरू भन्दा यो निर्वाचित सरकार अधिकारपूर्ण हुनु स्वाभाविकै थियो । यो सरकारलाई मित्र–राष्ट्रहरूबाट पनि प्रशस्त सहायता प्राप्त भएको हो । यसको सामुन्ने आठ वर्षको अनुभव शिक्षाको रूपमा खडा थियो । यति हुंदा हुंदै पनि निर्वाचन पछि बनेको यो मन्त्रि–मण्डलले शान्ति सुरक्षा कायम गर्ने जस्तो हरेक सभ्य सरकारको प्राथमिक कर्तव्य पनि पूरा गर्न सकेन । प्रशासन यन्त्रको पुनर्गठन र सुधार गर्ने नाउंमा भएका मनमानी कार्यवाहीहरूबाट प्रशासन यन्त्र नै ठप्प बन्द हुने अवस्थामा पुगेको सबैलाई थाहा

भएको कुरा हो । जनताको पीर, मर्का र बाधा जस्ताको तस्तै रह्यो । जनताको दुःखी दरिद्र हालतपट्टि यो मन्त्रि–मण्डलको ध्यानसम्मन् पनि गएन । उल्टो अधिकारको दुरुपयोग र सरकारमा गएका व्यक्तिहरूको बीचमा आपसी वैमनष्यबाट देशमा एक किसिमको अनिश्चितता र अस्थिरताको वातावरण खडा हुन गयो । माथिल्ला तहका व्यक्तिहरू नै भ्रष्टाचारमा मुछिएको देखियो । साम्प्रदायिकता, क्षेत्रीयता तथा अन्य समाज विरोधी भावनाद्वारा प्रेरित अराष्ट्रिय तत्वहरूको बोलवाला बढ्न लाग्यो । यसबाट देशको शान्ति खलबलिएको मात्र होइन कि नेपाल राष्ट्रको भौमिक एकता र सार्वभौकिसत्तामा पनि आघात पुग्ने आशंका देखा पर्न लाग्यो । यसरी दिन पर दिन ओह्रालो लागेको देखेर जनताल सरकारको दोष देखाउन खोज्दा उनीहरूको ध्यान अर्कैतिर लाउने हेतुले ज्यादै गैर-जिम्मेवारी तरीकाबाट जन–भावना प्रतिकूल देशको संविधान र राजमुकुटलाई समेत दलगत राजनीतिमा मुछ्ने बारम्बार प्रयास भयो । फलस्वरूप, एउटा ज्यादै डरलाग्दो स्थिति उत्पन्न हुन गयो जसबाट राष्ट्रको भविष्यमा समेत संधैको निम्ति धब्बा लाग्ने सम्भावना देखियो ।

यसरी आइलागेको विपद्बाट राष्ट्रलाई बचाउन र भविष्यमा देशको विकास र निर्माण गतिशील ढङ्ग-बाट तर नियमित रूपले होस् भन्नाको निम्ति हामीले हाम्रै अध्यक्षतामा अलि दिन अघि मात्र नयां मन्त्रि–परिषद् गठन गरिबक्सेको सबलाई विदितै छ । देशमा शान्ति सुरक्षा कायम गर्नाको साथ साथै हरेक क्षेत्रमा जनताको पीर बाधा मर्का हटाउन कोशिश गर्नु नै यो मन्त्रि–परिषद्को प्रथम कर्तव्य हुनेछ ।

कानूनको सम्मानमा नै देशमा शान्ति, सुव्यवस्था र स्थिरता आधारित भएकोले कानूनी वा कानूनको राज्यको स्थिति बलियो पार्न यो मन्त्रि–परिषद्ले भर-मग्दूर प्रयास गर्नेछ । कानूनले दिएको हकहरूको हरहालतमा देशका अदालतहरूद्वारा रक्षा हुनु पर्छ भन्ने हाम्रो अभिलाषा हो । मुलुकभर सबै रैती दुनियांले कम खर्चिलो र सहज तरीकाले इन्साफ पाऊन् भन्ने उद्देश्यले न्याय–प्रशासनको व्यवस्था सुधार गरिने छ ।

साधनले दिएसम्मन् देशमा प्राथमिक, माध्यमिक तथा उच्च शिक्षाको विकास गराउनाको साथ साथै यो मन्त्रि–परिषद्ले विद्यार्थीहरूलाई स्वावलम्वी तुल्याई आफ्नै हातले काम गरेर खान सक्ने बनाउने

किसिमको शिक्षा र तालीमको प्रबन्ध गर्न विशेष ध्यान दिनेछ । यसबाट शिक्षित बेकार समस्याको भविष्यमा बचाउ हुनाको साथ साथै देश निर्माण र विकास निम्ति चाहिने डाक्टर, नर्स, हेल्थ असिष्टेण्ट, इञ्जिनियर, ओभरसियर, आदिले पनि तालीम पाउने हुन्छ । हाम्रो आफ्नै राष्ट्रिय विश्वविद्यालय पनि स्थापित भएकोले अब शिक्षण संस्थाहरूको पाठ्य–तालीकामा राष्ट्रिय दृष्टिकोण अपनाउनुको साथै राष्ट्रमा नव–जागृतिको विकास गराउने, राष्ट्रिय मांग तथा प्रतिभा अनुकूल युग सुहाउंदो वैज्ञानिक ढङ्गको राष्ट्रिय शिक्षा प्रणालीको यो मन्त्रि–परिषद्ले व्यवस्था गर्नेछ ।

स्वास्थ्य सम्बन्धी सेवा यथासम्भव जनतालाई सुलभ तुल्याउने र साधन बढ्दै गएपछि यसलाई विस्तृत गर्दै लैजाने ध्येय राखी स्वास्थ्य प्राविधिज्ञ-हरूको तालीममा र स्वास्थ्य संस्थाहरूमा स्टाफ र सामान थप्ने विषयमा यो मन्त्रि–परिषद्को ध्यान जानेछ ।

रैतीको पीर मर्का बाधा अविलम्ब हट्न सकोस् र प्रशासनको कार्य सुचारुरूपले आधुनिक वैज्ञानिक

ढङ्ग बमोजिम चल्न सकोस् भन्ने तुले प्रशासन–यन्त्रमा सुधार ल्याउनु यो मन्त्रि–परिषद्को कर्तव्य हुनेछ । घूसखोरी भ्रष्टाचार र मुलाहिजा जसले गर्दा प्रशासन–यन्त्रमा दुनियांको विश्वास घट्न गएको छ, त्यसलाई हटाउने अभिभारा वर्तमान सरकारले लिएको छ ।

कुनै पनि देशको सर्वाङ्गीण विकास गर्दा आवश्यक विषयहरू– जस्तो साधन, तिनको उचित उपयोग, त्यसबाट देशको आर्थिक स्थितिमा पर्ने जाने प्रभाव, इत्यादि सबै कुराको राम्ररी विचार गरेर मात्र आयोजनाहरू कार्यान्वित गरिनु पर्छ । तर विघटित मन्त्रि–मण्डलबाट देशको सर्वतोमुखी विकासको दृष्टिकोण नराखी र वास्तविक परिस्थितितिर विशेष ध्यान नदिई तथा आवश्यक पूंजी, प्राविधिज्ञ र व्यवहारिकताको समेत ख्याल नगरी राम्रो योजना नबनाई केवल हडबडीमा फुटकर आयोजना कार्यान्वित गराउन खोजियो । फलस्वरूप, एकातिर आयोजनाको निर्धारित लक्ष हासिल भएन र अर्कोतिर देशको सीमित साधन र पूंजीको समेत अपव्यय हुन गयो । योजनाको काममा सन्तोषजनक प्रगति हुन नसकेकोले नै जनतामा विकास उपर श्रद्धा र विश्वास कम हुंदै गएको हो । योजना-

नुरूप प्रशासन–यन्त्र पनि बन्न नसकेकोले मित्र राष्ट्र-हरूबाट प्राप्त सहायता समेत राम्ररी काममा लगाउन सकिएन । यी त्रुटिहरूलाई ध्यानमा राखी यो मन्त्रि–परिषद्ले देशको सर्वाङ्गीण विकासको निम्ति सार्थक तथा व्यवहारिक हुन सक्ने योजनाको तर्जुमा गर्नेछ ।

देशमा आजसम्मन् कुनै किसिमको कर व्यवस्था नभएकोले प्रारम्भमा केही समयसम्म जनतामा कर तिर्ने बानी बसाल्नु पर्ने आवश्यकता थियो । देश विकासको निम्ति आन्तरिक पूंजी संकलन गर्दा करको प्रशस्त भाग रहन्छ । यसैले प्रारम्भिक अवस्थामा करको मात्रा बढी नगरी कर तिर्ने बानी बसाल्दै गई क्रमशः पछि गएर करको संख्या र मात्रा बढाउंदै लैजानु पर्दथ्यो । तर कर बिना देशको विकास सम्भव छैन भन्ने सिद्धान्त सरल तरीकाले जनतामा बोध नगराई परिस्थिति सुहाउंदो तथा न्यायोचित आधारको समेत विशेष विचार नराखी कर–प्रथा अपनाइयो । यसले गर्दा जनतामा आर्थिक अनिश्चितताको वातावरण फैलिंदै गएको हो । उदाहरणको निमित्त, किसानहरूमा जग्गाको वितरण होस् भन्ने उद्देश्यले जग्गा कर लगाइयो, यद्यपि यसबाट धेरै राजस्व बढ्ने सम्भावना

थिएन । परन्तु यसको विपरीत प्रभाव पर्न गयो । जोताहरूको लगत नभएको हुनाले सुरक्षित किसानको हक प्राप्त गर्न सक्ने किसानलाई हटाउन थालियो । फलस्वरूप, बेदखलीको समस्याले उग्ररूप लियो । जग्गा बंटवारा भए पनि जोत्नेको नाउंमा बहुतै कम भयो । फेरि सुरक्षित किसानको हक प्राप्त गरिसकेकालाई पनि भूमिपतिहरूबाट खान लाउन खेती गर्न साधारणतया पाइआएका जति सबै सहायता बन्द भएबाट किसानहरू विवश हुन गए । बिर्ता–उन्मूलन गर्न र कर–प्रथाको प्रचलन गर्न यो मन्त्रि–परिषद्ले निश्चय गरेको छ, तर माथिका कुराहरूको ख्याल गरी र गएको अनुभवबाट शिक्षा लिई वैज्ञानिक र सुगम नीति तथा उपायद्वारा यी दुबै कुरालाई कार्यान्वित गर्ने यो मन्त्रि–परिषद्को कर्तव्य हुनेछ ।

नेपाल कृषि प्रधान देश भएकोले अहिलेको भूमि व्यवस्थामा पर्याप्त सुधार नल्याएसम्मन् बहुसंख्यक जनताको आर्थिक स्तर उठाउन सकिन्न, भूस्वामित्व बहुत थोरैको हातमा रहेकोले अधिकांश कृषकवर्ग शोषित छन् । यो परिस्थिति आर्थिक विकास तथा प्रजातन्त्रको निम्ति पनि ठूलो बाधक हुन गएको छ । भूमि व्यवस्था सम्बन्धी सबै समस्याहरूको

गहिरो अध्ययन गरी यो सरकारले देशबाट अविलम्ब शोषणको अन्त गर्न आवश्यक कदम उठाउने छ ।

औद्योगीकरण बिना अभ्यन्तरमा देशको विकास हुन नसक्ने भएकोले यसको निम्ति चाहिने आवश्यकीय कुराहरू जस्तै, यातायात, सञ्चार, र विद्युत शक्ति पूरा गर्ने काममा यो मन्त्रि–परिषद्को ध्यान जानेछ । साथै आर्थिक विकासको योजनामा सरकारी र निजी क्षेत्र राम्रो छुट्याई व्यक्तिगत वा निजी पूंजीको निम्ति स्थान सुरक्षित राखिने छ । उद्योगधन्धा र व्यवसायमा पूंजी लाउन खोज्नेहरूलाई विशेष सुविधा र प्रोत्साहन मिल्नेछ । निजी क्षेत्रमा स्वदेशी पूंजीले मात्र विकास साध्य नभएकोले वैदेशिक पूंजीको स्वागत गरिने छ ।

सबै मित्र राष्ट्रहरूसंग मैत्रीपूर्ण सम्बन्ध कायम राखी विश्व–शान्तिको निम्ति र अन्तर्राष्ट्रिय आर्थिक सहयोगको निम्ति प्रयास गर्नु हाम्रो परराष्ट्र नीतिको लक्ष हुनेछ । हाम्रो परराष्ट्र नीति संयुक्त राष्ट्र संघका चार्टरका सिद्धान्त र उद्देश्यद्वारा प्रेरित हुनेछ र कुनै अन्तर्राष्ट्रिय सामरिक गूट विशेषसंग नभई तटस्थताको हुनेछ ।

नेपाललाई विश्वका अरू विकसित देशहरूको दांजोमा पुऱ्याउने हो भने अरूले शताब्दी लाएर गरेको विकास हामीले १०।२० वर्षमै गर्नु पर्ने खण्ड परेको छ । यसमा हतोत्साह हुने कुरा छैन, किनभने आजको अन्तर्राष्ट्रिय आर्थिक सहयोगको युगमा प्रगतिको हतौडीहरू हासिल गर्न उति उकालो पर्दैन । तर निःसन्देह यसको निम्ति हामीले कठोर परिश्रम गर्नुपर्छ र आराम ऐशको जीवन परित्याग गर्न तयार हुनुपर्छ । आज नेपाली जातिलाई त्याग, तपस्या, बलिदान , धैर्य र अध्यवसायको ठूलो मांग आइलागेको छ । हाम्रो लामो इतिहासमा धेरै पटक हामीले समयको चुनौती र मांग पूरा गरेका छौं । हामीलाई पूरा विश्वास छ, आजको युगको परीक्षाबाट पनि इतिहासको अन्य युगमा जस्तै नेपाल र नेपाली सफलतापूर्वक उत्तीर्ण हुनेछ । यति हो कि हामीले हाम्रो इतिहासको शिक्षा बिर्सनु हुन्न र आफूमा भर पर्नु पर्छ । हाम्रो भविष्य अवश्यै बन्नेछ ।

हामी सबैको देशभक्ति, जातीय अभिमान र अनुशासनका गुणहरूले नै गर्दा हाम्रा राष्ट्रले इतिहासमा ठूलठूला संकट र विपद् पार गर्न सकेको हो । देशलाई आधुनिक जमानाको मांग पूरा गर्न सक्ने

तुल्याउन जनतामा नयां चेतनाको लहर ल्याउनु परेको छ । विकास, निर्माण र उत्पादनको अभिवृद्धिको निम्ति नयां जोश फैलाउनु परेको छ । जन–जागृतिको सञ्चारद्वारा हाम्रो नेतृत्वमा देशको समस्त जनतामा नयां चेतना ल्याई उनीहरूलाई राष्ट्रको सर्वतोमुखी विकासमा संलग्न तुल्याउने हाम्रो निर्मल पवित्र उद्देश्य पूरा गराउन सबैबाट खासगरी अहिले-सम्म सोही उद्देश्य पूर्तिको निम्ति दलगत राजनीतिमा लागी अलमलिएका सबै क्रियाशील व्यक्तिहरूको सक्रिय सहयोगको निम्ति हामी आह्वान गर्दछौं । यस किसिमको नव–जागृति र नव–निर्माणको निम्ति उपयुक्त वातावरण सिर्जना गर्ने काममा दलगत राजनीतिबाट बाधा पर्ने हुनाले अहिले भइरहेका राजनैतिक दलहरू र दलगत राजनैतिक उद्देश्यले प्रेरित भएका वर्गीय संगठनहरूलाई समेत यही घोषणाद्वारा हाललाई अवैध घोषित गरी यस्ता संस्थाहरूमा प्रतिबन्ध लगाइबक्सेका छौं । देशको सर्वतोमुखी विकास तथा निर्माणको निम्ति आज एउटा नयां शक्तिको मूल फुटाउन परेको छ, जसले हाम्रो शताब्दीदेखिको दरिद्रता, अज्ञानता र पिछडिएको अवस्थालाई हटाई यही नेपालको बाटोमा जरा हाल्न सक्ने किसिमको

यहांकै हावापानी सुहाउंदो प्रजातन्त्रको विरुवा फुलाउन र फलाउन सकोस् । पञ्चायत पद्धति नै प्रजातन्त्रको जग भएकोले र माथिबाट लादिएको प्रजातन्त्र देशको अनुभवबाट अफाप सिद्ध भएकोले हामीले अब प्रजातन्त्रको जग तलबाटै बलियो तुल्याउंदै लैजानु परेको छ । स्थानीय स्वायत्त शासनका संस्थाहरूद्वारा जनतालाई प्रशासनमा सरीक तुल्याई ग्राम पञ्चायत, जिल्ला पञ्चायत, नगर पञ्चायतको विकास गरी देशको समस्या र प्रगतिमा जनतालाई अभिरुचि लिन सक्ने तुल्याउने हाम्रो ध्येय भएकोले अहिलेसम्मन् राजनैतिक दलहरूमा लागका व्यक्तिहरूले पनि विभिन्नतहमा यो नवजागृतिको लक्ष पूरा गर्ने काममा भाग लिनेछन् भन्ने हाम्रो आशा एवं विश्वास छ । यो नव--जागृतिको लहरबाट उत्पन्न हुने जन--शक्ति वा राष्ट्रिय--शक्तिलाई यता उति छरिन नदिई हामीले यसको राम्रो सञ्चय गर्नु पर्छ । हामीले आज जनतालाई दिलाएको विश्वास पूरा गर्न श्री पशुपतिनाथले हामी सबैलाई शक्ति प्रदान गरून् !

जय नेपाल ।

राजदरबार,
मिति २०१७, पौष २२ गते ।

गोरखापत्र छापाखाना काठमाडौंमा मुद्रित ।